# कृषि विकास बैंक लि. को
# आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाको लागि दरखास्त फारम
# भर्ने सम्वन्धी सूचना

(सूचना प्रकाशित मिति २०७३/०२/१८ गते)

**लोक सेवा आयोग**बाट प्राप्त स्वीकृती अनुसार यस बैंकको आ.व.२०७२/७३ को स्वीकृत कार्यक्रम तथा वजेटमा व्यवस्था भए अनुसार रिक्त हुन आएको दरवन्दीमध्ये आन्तरिक प्रतियोगितात्मक लिखित परीक्षाद्वारा पूर्ति गर्नुपर्ने तपसील वमोजिमका पदहरुको लागि सम्भाव्य उम्मेदवारहरुले परीक्षामा सहभागी हुन दरखास्त फारम भर्नुपर्ने भएकोले मिति २०७२ असार मसान्तसम्ममा सहायकस्तर बाट सहायकस्तरमा पदोन्नती हुनको लागि ३ (तीन) वर्ष र सहायकस्तरबाट अधिकृतस्तरमा वा अधिकृतस्तरबाट अधिकृतस्तरमा पदोन्नती हुनको लागि ४ (चार) बर्ष सेवा अवधी पुरा गरेका सम्भाव्य उम्मेदवारहरुले मिति २०७३/०४/१६ गते **काठमाण्डौं केन्द्र**मा संचालन हुने लिखित परीक्षामा सहभागी हुनकोलागि विज्ञापन नम्वर उल्लेख गरि परीक्षा दस्तुर सहित तोकिएको ढांचामा परीक्षा फारम भरी बुझाउने म्याद मिति २०७३/०२/१८ गते देखि मिति २०७३/०३/०६ गतेसम्म र दोव्वर दस्तुर तिरी मिति २०७३/०३/१३ गतेसम्म तोकिएको हुँदा मुख्य कार्यालयमा कार्यरत कर्मचारीहरुले जनशक्ति व्यवस्थापन विभागमा र अन्य कर्मचारीको हकमा सम्वन्धित क्षेत्रीय कार्यालयमा फारम बुझाउनु हुन सम्वन्धित सवैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। परीक्षा केन्द्र (भवन) र परीक्षा हुने समय पछि प्रकाशित गरिनेछ। दरखास्त फारम यस बैंकको वेभसाईट www.adbl.gov.np बाट download गर्न सकिनेछ।

**तपसील**

| विज्ञापन नम्वर | पद | सेवा | पद संख्या | परीक्षा दस्तुर |
|---|---|---|---|---|
| ११/२०७२/७३ | विभागीय प्रमुख<br>अधिकृतस्तर प्रथम श्रेणी | प्रशासन | १ (एक) | रु.४००/- |
| १२/२०७२/७३ | शाखा प्रमुख(प्रशासन)<br>अधिकृतस्तर द्वितीय श्रेणी | प्रशासन | ४ (चार) | रु.४००/- |
| १३/२०७२/७३ | शाखा प्रमुख(प्राविधिक)<br>अधिकृतस्तर द्वितीय श्रेणी | प्राविधिक | ४ (चार) | रु.४००/- |
| १४/२०७२/७३ | शाखा अधिकृत(प्रशासन)<br>अधिकृतस्तर तृतीय श्रेणी | प्रशासन | ७ (सात) | रु.४००/- |
| १५/२०७२/७३ | ऋण अधिकृत(प्राविधिक)<br>अधिकृतस्तर तृतीय श्रेणी | प्राविधिक | १ (एक) | रु.४००/- |
| १६/२०७२/७३ | इन्जिनियर/प्राबिधिक अधिकृत(प्राविधिक)<br>अधिकृतस्तर तृतीय श्रेणी | प्राविधिक | १ (एक) | रु.४००/- |
| १७/२०७२/७३ | कार्यालय सहायक(प्रशासन)<br>सहायकस्तर प्रथम श्रेणी | प्रशासन | १० (दश) | रु.४००/- |

कृषि विकास बैंक लि.
पदपूर्ति समिति
काठमाण्डौं।